# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०७।२० गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

आन्तरिक राजश्व कार्यालय, कम्प्युटर शाखा, जनकपुरमा कार्यरत राम किशोर महतोले कानून बमोजिम उक्त कार्यालयमा दर्ता भएको पसल बन्द गरीपाउँ भनि सेवाग्राहीले निवेदन दिएकोमा सो कार्य गरिदिनको लागि विभिन्न बहानामा सेवाग्राहीसँग रु. ५०,०००/- घुस रकम माग गरिरहेको भन्ने निवेदकको उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिइ गएको टोलीले निज करारमा नियुक्त माली राज किशोर भन्ने राम किशोर महतोले सेवाग्राहीबाट रु. ५०,०००/- (पचास हजार) लिई रु. १८,०००/- (अठार हजार) राजश्वमा दाखिला गरी बाँकी रु. ३२,०००/- (बत्तीस हजार) घुस/रिसवत बापत लिएको पुष्टी हुन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु. ३२,०००/- (बत्तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता